अनुसूची-२ क

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८०/०६/०९

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस प्यूठान नगरपालिका वा आर्थिक ऐन,२०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्यूठान नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही खुल्ला बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल

| सि.नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम ( घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ०२/MUN/२०८०/८१/RM | टिकुरी वसपार्क क्षेत्र र गेजवाङ/मरन्ठाना , दोवय माथी ( बिजुवार पुलदेखि धाईसम्म ) | १४१५८.३ | ३०००००० | कबोल अंकको ५ प्रतिशत | ३००० |

शर्तहरु :

फर्मको हकमा नबीरकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०८९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा .नेपाल बैंक लिमिटेड शाखा कार्यालय बिजुवार मा रहेको यस कार्यालयको राजश्व खाता नं.२८१०३०००००१००१००००००१ ग १–१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजेभित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धि कागजातहरू अपलोड तथा डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ।

नि. प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको .नेपाल बैंक लिमिटेड बिजुवारमा रेहको धरौटी खाता नं.२८१०३०००००३०००००००००१ ग ३ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा ईजाजत प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र प्याकेज नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपाईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई मिति १६ औं दिन दिउसो .१२ बजे भित्र ठेक्का गरिसक्नुपर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन १ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमो सो कार्य विदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा कारण सहित नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा सूचना टाँस भएको मितिले १५ दिनभित्र संझौता अंकको सार्बजनिक खरिद ऐन बमोजिमको कार्यसंपादन जमानत नगद वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्यसंपादन जमानत लिई कबोल अंकको प्रथम किस्ता बापत २० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता बापत ५० प्रतिशतले हुने नगद रकममा मु.अ.क. समेत मिति २०८०/१२/३० गतेभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । र अन्तीम किस्ता २०८१/०२/२० गते भित्र बुझाउन पर्ने छ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपदाताले छुट्टै बुझाउनु पर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलत्रप बन्दोबस्त गरिनेछ । नगरपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएको कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा कार्यबिधि मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन तथा बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website : www.pyuthanmun.gov.np तथा www.bolpatra.gov.np मा समेत हेर्न सकिनेछ ।

चन्द्र बहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

**Pyuthan Municipality**
**Office of Pyuthan Municipality**
**Bijuwar,Pyuthan**

प्रमुख प्रशासकीय अधिकृत

## ***Bill Of Quantity***

**Project: Extraction and Supply of River Materials at Pyuthan Municipality Area**

**Site : Pyuthan Municipality**

**Contract No: 02/MUN/2080/81/RM**

F/Y-2080/81

| S.N. | Description of Work | Unit | Quantity | Rates | | Total Amounts | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In Figures | In Words | | |
| 1 | टिकुरी वसपार्क क्षेत्र र गेजवाङ/मरन्ठाना , दोवय माथी ( बिजुवार पुलदेखि धाईसम्म ) | घ.मि. | 14158.3 | | | | |
| **Sub Total** | | | | | | | |
| **13% @ VAT** | | | | | | | |
| **Grand Total** | | | | | | | |

**Name Of The Firms:**

**Signature**

**Firms Stamp**

**Date**